# नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## राष्ट्रिय तथ्याङ्क कार्यालय
## थापाथली, काठमाडौं

## करार सेवामा जनशक्ति लिने सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मितिः २०८३।०३।२२

राष्ट्रिय आर्थिक गणना, २०८२ को संकलित फारामहरुको कोडिङ/इडिटिङ र तथ्याङ्क प्रविष्टी कार्यको लागि तपसिल बमोजिम पद र संख्यामा करार सेवामा कर्मचारी लिनुपर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त फाराम भरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम nsonepal.gov.np तथा ec.nsonepal.gov.np मार्फत डाउनलोड गर्न सकिनेछ। म्याद नाघी तथा रित नपुगी आएका दरखास्तउपर कुनै कारबाही गरिने छैन।

| पद | माग संख्या | करार अवधि | न्यूनतम शैक्षिक योग्यता | सेवा सुविधा | छनोट विधि | फाराम बुझाउने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कोडर | ६० जना | बढीमा ४ महिना | स्नातक तह उतिर्ण | कार्य सम्पादनमा आधारित (प्रति प्रश्नावली ४ रुपैंया) | सर्टलिस्ट र अन्तर्वार्ता | राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौं | राष्ट्रिय आर्थिक गणना, २०८२ का गणक तथा सुपरिवेक्षक पदको कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ। |
| डाटा इन्ट्री अपरेटर | १२० जना | बढीमा ४ महिना | १०+२ ( प्रमाणपत्र तह) वा सो सरह उतिर्ण | कार्य सम्पादनमा आधारित (प्रति स्ट्रोक ४ पैसा) | सर्टलिस्ट, प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता | | |

आवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजात निवेदक स्वयंले प्रमाणित गर्नुपर्नेछ।

क) रितपूर्वक भरिएको आवेदन फाराम (पासपोर्ट साईजको १ प्रति फोटो सहित)
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ग) न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्टको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको शैक्षिक योग्यता भए समकक्षता प्रमाणपत्र)
घ) माथिल्लो शैक्षिक योग्यता भएमा सोको ट्रान्सक्रिप्टको प्रतिलिपि
ङ) अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि
च) डाटा इन्ट्री अपरेटरको हकमा कम्प्युटर सम्बन्धी तालिम भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

अन्य जानकारीः

१) कार्य क्षेत्रः राष्ट्रिय तथ्याङ्क कार्यलय, थापाथली, काठमाडौं।
२) कामको विवरणः कोडरले कोडिङ तथा डाटा इडिटिङ र डाटा इन्ट्री अपरेटरले तथ्याङ्क प्रविष्टी गर्ने।
३) उमेरः कोडरको हकमा आवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भएको र डाटा इन्ट्री अपरेटरको हकमा आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भएको।
४) कम्तिम ५०% महिला छनोट गरिनेछ।
५) दरखास्त दिने अन्तिम मिति साउन ४ गते कार्यालय समयभित्र।
६) माग संख्याभन्दा कम्तिमा दुई गुणा संख्यामा सर्टलिस्ट गरिनेछ।